प्रेस वक्तव्य

## बेपत्तासम्बन्धी महासन्धि आज उप्रान्त लागू हुने

डिसेम्बर २३, २०१०.

आजका मितिदेखि लागू हुने भनिएको बेपत्ताविरुद्धको महासन्धिको खबरलाई बेपत्ताविरुद्धको एसियाली महासंघ (AFAD), एडभोकेसी फोरम (AF) र इन्टरनेशनल कमिशन अफ ज्युरिस्ट (ICJ) जोडदार स्वागत गर्दछ । बेपत्ता पारिएका नागरिक तथा तिनका परिवारजनका लागि यो एउटा ऐतिहासिक घडी हो जो बेपत्ताजस्तो गम्भीर अपराधविरूद्ध भैरहेको विश्वव्यापी आन्दोलनको एक अभूतपूर्व विजय हो भन्नु अत्युक्ति हुँदैन ।

उक्त महासन्धि बेपत्ताविरुद्धको प्रत्याभूति गर्ने बाध्यात्मक कानूनी दस्तावेज हो । महासन्धिका अनुसार बेपत्ता पार्ने कार्यको औचित्य पुष्टि गर्न युद्ध वा युद्धको त्रास, आन्तरिक राजनीतिक अस्थिरता वा अन्य कुनै संकटकाल, सशस्त्र द्वन्द्व जस्ता कुनै पनि परिस्थितिको जिकिर लिन पाइँदैन । यसका अलावा महासन्धिले बेपत्ता पार्ने कार्यलाई अन्तर्राष्ट्रिय अपराधका रुपमा हेर्नुका साथसाथै उक्त कार्य सुनियोजित तथा व्यापक रुपमा घटाइएका अवस्थामा मानवताविरुद्धको अपराधका दर्जामा राखेको छ ।

महासन्धिको प्रत्येक प्रावधानले बेपत्तापीडित परिवाजनका मर्मस्पर्शी अनुभवलाई आत्मसात गरेको छ । सन् १९८१ ल्याटिन अमेरिकी बेपत्ता पीडित परिवारबाट संचालित संस्थाले बेपत्तासम्बन्धमा एक छुट्टै महासन्धिको मस्यौदा गर्ने विश्वव्यापी आन्दोलन शुरु गरेको थियो । यसको फलस्वरूप संसारभरका बेपत्तापीडित परिवाजनका संस्था र मानवअधिकार संघसंस्थाले सो महासन्धिको मस्यौदा तयार गर्न सक्रिय भूमिका निर्वाह गर्नुका साथै उक्त महासन्धिका प्रावधान पीडितमैत्री बनाउन महत्वपूर्ण योगदान दिएका थिए ।

आजका मितिसम्म महासन्धिलाई २१ राष्ट्रले अनुमोदन गरेका छन् भने ८८ राष्ट्रले हस्ताक्षर गरेका छन् । नागरिक समाजको निरन्तर दबाबका बाबजुद नेपालले यस महासन्धिलाई न त अनूमोदन गरेको छ न त हस्ताक्षर नै । नेपालको सन्दर्भमा यस महासन्धिले विशेष महत्व राख्दछ किनकि निरंकुश पञ्चायती शासनकालदेखि १० बर्षे द्वन्द्वकालमा भएका बेपत्ताका घटनाका बारेमा अझैसम्म पनि छानबिन तथा जवाफदेहीता स्थापित हुन सकेको छैन । द्वन्द्वकालमा बेपत्ता पारिएका १००० भन्दा बढी व्यक्तिको स्थिति अझै अज्ञात छ । सन २००३ र २००४ मा सयुक्त राष्ट्रसंघको बेपत्तासम्बन्धी कार्यदलमा सबै भन्दा नयाँ मुद्दा दर्ता भएकाले नेपाल बेपत्ता पार्ने देशहरुको अग्रसूचीमा

रहेको भनी कुख्यात पनि बनेको थियो । एकातिर बेपत्ता पीडित परिवारजन पीडाको भूमरीमा अल्झिरहेका छन भने अर्कोतर्फ सत्यतथ्य जान्न तथा न्यायिक उपचार पाउनलाई संघर्षरत छन् । यस परिदृश्यले उक्त महासन्धिको हस्ताक्षर तथा अनुमोदन गरी यस्तो गम्भीर अपराधबाट सबै नेपालीलाई संरक्षण गर्न नेपालले प्रस्ट प्रतिबद्धता देखाउन सकेको छैन । जून १, २००७ मा सर्वोच्च अदालतले बेपत्ताको सम्बन्धमा गरेको एक महत्पूर्ण फैसलामा द्वन्द्वकालमा सुनियोजित रुपमा भएका बेपत्ताका घटनालाई सम्बोधन गर्ने नेपालमा कानुनको अभाव रहेको जिकिर गर्दै बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्ने नयाँ कानुनको मस्यौदा गरी एक विश्वसनीय, प्रभावकारी, निष्पक्ष र स्वतन्त्र आयोगको गठन गर्न नेपाल सरकारलाई निर्देशन दिएको थियो । आफ्नो फैसलामा सर्वोच्च अदालतले उक्त कानुन संयुक्त राष्ट्रसंघको बडापत्र, मानवअधिकारको विश्वव्यापी घोषणा, बेपत्ताविरुद्धको घोषणा १९९२ तथा बेपत्ता महासन्धि २००६ का मान्यताबमोजिम हुनुपर्ने कुरा उल्लेख गरेको थियो ।

महासन्धिका अनुसार प्रत्येक पक्षराष्ट्रले बेपत्ता पार्ने कार्यलाई आफ्नो फौजदारी न्याय प्रणालीमा एक छुट्टै कसुरको रुपमा हेरी अपराधीकरण गर्नुपर्ने र अपराधको गाम्भीर्यबमोजिम उचित सजायको व्यवस्था गर्नुपर्ने हुन्छ । नेपालको सन्दर्भमा महासन्धिको अनुमोदन झन् महत्वपूर्ण छ किनकि बेपत्तालाई अपराधीकरण गर्ने तथा बेपत्ता आयोग गठन गर्ने मस्यौदा कानुन हाल नेपालको संसदमा विचाराधीन अवस्थामा रहेको छ ।

महासन्धिमा निम्नलिखित कुरा प्राथमिकताकासाथ उल्लेख गरिएका छन् :

- प्रियजनलाई बेपत्ता पार्ने बखतको परिस्थिति र तिनीहरूको हालको स्थितिबारे सत्यतथ्य जान्ने पीडित परिवारको अधिकार हुने
- बेपत्ता भएका व्यक्तिका परिवारजन र बेपत्ताको अपराधबाट विभिन्न किसिमका हानि तथा क्षति बेहोरेकालाई पीडितको दर्जामा राखिने
- बेपत्तालाई एक निरन्तर (Continuous) अपराध मानिने ।
- कसैलाई पनि गुप्त वा सम्पर्कविहीन थुनामा राख्न नपाइने ।
- सबै पक्षराष्ट्रले स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिको सही विवरणसहितको अद्यावधिक अभिलेख राख्नुपर्ने र आवश्यक सूचनामा सबैको पहुँच सुनिश्चित गरिनुपर्ने ।

- सबै बेपत्तापीडित तथा तिनका परिवारजको परिपूरणलगायत अविलम्ब, सहज, निष्पक्ष र पर्याप्त क्षतिपूर्ति पाउने अधिकार हुने ।
- महासन्धिको कार्यान्वयन भए नभएको भनी अनुगमन गर्ने तथा आफ्ना प्रियजनको खोजीमा भौंतारिरहेका परिवारजनलाई आवश्यक सहयोग प्रदान गर्दै राज्य र ती परिवारजनका बीच सम्पर्क स्थापित गराउने निकायका रूपमा जबरजस्ती बेपत्ता समितिको गठन गरिने ।

प्रस्तुत महासन्धि विश्वव्यापी रुपमानै घटिरहेको व्यक्ति बेपत्ता पार्ने अपराधलाई सम्बोधन गर्ने संयुक्त राष्ट्रसंघको गहकिलो कदम हो । जबरजस्ती बेपत्तासम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्यदलद्वारा प्रकाशित २००९ को प्रतिवेदनमा १०० वटा देशमा बेपत्ताको समस्या रहेको उल्लेख गरिएको छ जसमध्ये २७ वटा देश एसिया महाद्वीपमा रहेका छन् । सो प्रतिवेदनअनुसार एसियामा बेपत्ताको संख्या संसारका अन्य महादेश भन्दा बढी नै रहेको छ ।

बेपत्ताविरुद्धको संघर्षमा आजको यस ऐतिहासिक दिनलाई बेपत्ताविरुद्धको एसियाली महासंघ, एड्भोकेसी फोरम र इन्टरनेशनल कमिसन अफ ज्युरिस्टले स्वागत गर्दै यस महासन्धिको हस्ताक्षर तथा अनुमोदनको लागि वकालत गर्ने बेपत्ताविरुद्धको अन्तराष्ट्रिय सञ्जाल ( International Coalition Against Enforced Disappearances) सँग ऐक्यबद्धता जनाउँदै थप हस्ताक्षर तथा अनुमोदनको लागि विशेष गरी एसियाली मुलुकहरूलाई आह्वान गर्दछ । यस परिप्रेक्ष्यमा उल्लेखिन तीन संस्था बेपत्ताजस्तो संगीन अपराधलाई पूर्णरूपमा निर्मूल गर्दै बेपत्ता परिवारजनको पीडालाई सम्बोधनका साथै संयुक्त राष्टसंघीय मानवअधिकार परिषद्को सदस्यको हैसियतमा व्यक्त प्रतिबद्धतालाई बेपत्तासम्बन्धी महासन्धिको अविलम्ब हस्ताक्षर र अनुमोदन गरी पूरा गर्न नेपाल सरकारलाई आह्वान समेत गर्दछ । हामी निम्न कुरा सरकारसँग अनुरोध गर्दछौं :

**बेपत्तासम्बन्धी महासन्धिको अनुमोदन गर र जबरजस्ती बेपत्तासम्बन्धी विशेष समितिको कार्यदक्षतालाई आत्मसात गर ।**

**जुन १, २००७ मा सर्वोच्च अदालतबाट भएको फैसलाअनुरूपको कानुन निर्माण गरी बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर,**

**बेपत्ता पारिएका व्यक्तिको विषयमा अनुसन्धान गर्न लामो समयदेखि प्रतिबद्धता जनाएको एक उच्चस्तरीय स्वतन्त्र आयोग गठन गर ।**

| | | |
|---|---|---|
| **मन्दिरा शर्मा** | **मुगियान्तो** | **फेड्रिक  रस्की** |
| **कार्यकारी निर्देशक, एड्भोकेसी फोरम** | **अध्यक्ष, आफद** | **नेपाल प्रतिनिधि, आईसिजे** |